"कला संस्कृतियुक्त, स्वच्छ समुन्नत टोखा नगर"

टोखा नगरपालिका

टोखा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

पत्र संख्याः ०८२/८३ (प्रशासन शाखा)
च.नं.: २१३४

मैजुहिटी, काठमाडौं
बाग्मती प्रदेश, नेपाल ।
मितिः २०८२।०९।०७
ने.सं.: ११४६ पोहेलाथ्व २ सोमबार

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना ।।।

(प्रथम पटक प्रकाशित मिति २०८२/०९/०७ गते)

प्रस्तुत विषयमा वैदेशिक रोजगारलाई सुरक्षित, व्यबस्थित र मर्यादित बनाउने उद्देश्यले सुरक्षित आप्रवासन (Safe Migration) कार्यक्रम सञ्चालन गरि टोखा नगरपालिकामा सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी सूचना प्रवाह गर्न, वैदेशिक रोजगारी सम्बन्धी मुद्दामा सहयोग तथा सहजिकरण गर्न, मनोसामाजिक परामर्श सेवा प्रवाह गर्न तथा वैदेशिक रोजगारी सम्बन्धी सचेतीकरण कार्यक्रम सञ्चालन गर्नका लागि निम्नानुसारको जनशक्तिको करारमा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र यस कार्यालयमा आवेदन दिनुहुन सम्बन्धित सबैको जानकारिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सेवा : करार**

| सि नं | पद | संख्या | तह | सेवा अवधि |
|---|---|---|---|---|
| १ | मनोसामाजिक परामर्शकर्ता | १ | स्थानीय सेवाको सहायकस्तर पाँचौ तह सरह | आ.ब. २०८३ को आषाढ मसान्त सम्म |

**योग्यताः**

मनोसामाजिक परामर्शकर्ताको योग्यता स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गतको राष्ट्रिय स्वास्थ्य तालीम केन्द्रले विकास गरेको तथा स्वास्थ्य मन्त्रालयले स्वीकृत गरेको मनोसामाजिक परामर्शकर्ता सम्बन्धी तालिम पाठ्यक्रमले तोकेको निम्नानुसार योग्यता भएको हुनुपर्नेछः

- मान्यताप्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट वा स्टाफ नर्स वा मान्यता प्राप्त विश्वविद्यालयबाट पब्लिक हेल्थ/ नर्सिङ/मनोविज्ञान/समाजशास्त्र/सोसिएल वर्क/स्वास्थ्य शिक्षा विषयमा स्नातक तह उत्तीर्ण गरेको वा पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उत्तीर्ण गरेको ।
- मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालिम प्राप्त गरी राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रको प्रमाण पत्र भएकोलाई विशेष प्राथमिकता दिईनेछ ।
- कम्प्यूटर सम्बन्धि Ms-Word, Excel, Power Point, Email/ internet आदिको ज्ञान भएको ।
- नेपाली र अङ्ग्रेजी दुबै भाषामा बोल्न तथा प्रतिवेदन तयार गर्न सक्ने ।
- प्रचलित कानून बमोजिम सरकारी सेवाको पदका लागि आवेदन दिन अयोग्य नभएको ।
- दरखास्त दिने मितिमा २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।
- बैदेशिक रोजगारीको क्षेत्रमा कामको अनुभव भएकालाई बिशेष प्राथमिकता दिइनेछ ।
- सम्बन्धित स्थानीय तहको व्यक्तिलाई प्राथमिकता दिइनेछ ।

पत्र संख्याः ०८२/८३ (प्रशासन शाखा)
च.नं.: २१३४

मैजुहिटी, काठमाडौं
बाग्मती प्रदेश, नेपाल।
मितिः २०८२।०९।०७
ने.सं.: ११४६ पोहेलाथ्व २ सोमबार

**कार्य अवधिः** उपरोक्त पदमा गरिएको पदपूर्ति २०८३ आषाढ मसान्त सम्मको लागि हुनेछ । कार्यक्रमको आवश्यकता तथा कार्यसम्पादन मूल्याङ्कनका आधारमा नवीकरण हुन सक्नेछ ।

**परीक्षाको किसिमः** सर्टलिस्टमा परेका उमेद्वारहरुको अन्तरवार्ताद्वारा मनोसामाजिक परामर्शकर्ताको छनौट गरिनेछ । तलब तथा अन्य सुविधा कार्यक्रमको नियमानुसार हुनेछ।

**आवश्यक कागजातहरुः** आवेदक स्वयंले प्रमाणित गरेको नेपाली नागरिकताको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, आवेदकको हालसालै खिचिएको पासपोर्ट साइजको फोटो २ प्रति , अनुभवको प्रमाणपत्रको प्रतिलिपि तथा सम्बन्धित पदको लागि दिइएको आवेदनको कपी ।

**आवेदन दस्तुरः** रु ५००/- ( पाँच सय रुपैयाँ मात्र ।)

टोखा न.पा. को राजश्व शाखामा आवेदन दस्तुर तिरेको भौचर सहितको दरखास्त फारम प्रशासन शाखामा बुझाउनु पर्नेछ ।

२०८२।०९।०८
कमल भट्टराई
(प्रमुख प्रशासकीय अधिकृत)

Phone No:- ०१-४९८५०१३, website:- www.tokhamun.gov.np Email:-info@tokhamun.gov.np